# दोर्दी गाउँपालिका
## (DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर ,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश ,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


पत्र संख्या/ Ref. No : २०७९/०८०

चलानी नं. /Dispatch No :

मिति/Date: २०८०/०१/०७

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशितः २०८०/०१/०७)**

दोर्दी गाउँपालिकाको लागि देहायको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट करारमा पदपुर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र तोकिएको शुल्क तिरेको रसिद सहित कार्यालयमा स्वयंम उपस्थित भई दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | तह | आवेदन दस्तुरः |
|---|---|---|---|---|---|
| १ | ०४/२०७९/८० | प्रा.स. (कृषि) | १ | पाँचौं | रु ६०० |
| २ | ०५/२०७९/८० | अ.स.ई (ईन्जिनियरिङ) | २ | चौथों | रु ५०० |
| ३ | ०६/२०७९/८० | फिल्ड सहायक | १ | चौथों | रु ५०० |
| ४ | ०७/२०७९/८० | हेल्थ असिस्टेन्ट (हे.ई) | ४ | पाँचौं | रु ६०० |

**१. आवश्यक न्यूनतम योग्यताः**

**क) प्रा.स. (कृषि)**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाण-पत्र तह वा सो सरह उतीर्ण गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**ख) अ.स.ई (ईन्जिनियरिङ)**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङ बिषयमा १८ महिने कोर्ष वा सो सरह उत्तीर्ण गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**ग) फिल्ड सहायक**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि वा सो सरह उतीर्ण गरी मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**घ) हेल्थ असिस्टन्ट (हे.ई)**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाण पत्र तह उतीर्ण गरेको वा सो सरह।
२. नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको।
३. दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।
४. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**२. दरखास्त दिने स्थानः** दोर्दी गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय, प्रशासन शाखा ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०८०/०१/२१ गते कार्यालय समय भित्र ।

**४. छनौट किसिमः** प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तरवार्ता ।

शम्सेर गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

**५. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरुः

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- न्युनतम शैक्षिक योग्यताको लाब्धाङ्क, चारित्रिक प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएमा सोको लब्धाङ्क ।
- कार्य अनुभव भए सोको प्रमाणपत्र ।
- २ प्रति पासपोर्ट साईजको फोटो ।
- शुल्क तिरेको रसिद ।

**६. तलव तथा करार अवधिः करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम ।

**७. परिक्षा मितिः प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन पश्चात तोकिनेछ ।**

**नोटः** परिक्षा दस्तुर बापतको रकम **GLOBAL IME BANK** मा रहेको यस कार्यालयको, बैंक खाता नं **24404010000008** (आन्तरिक राजश्व खाता दोर्दी) मा जम्मा गर्नुपर्नेछ । गाउँपालिकाको वेवसाइट www.dordimun.gov.np मा यसै सूचनाको साथ दरखास्त फारम उपलब्ध छ । महिला, दलित, आदिवासी, मधेशी तथा विपन्न वर्ग र अनुभवीलाई विशेष ग्राहयता दिने छ । विस्तृत जानकारीको लागि यस कार्यालयको प्रशासन शाखाको फोन नं ९८५६०७९३१२ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

शम्सेर गुरुङ

प्रमुख प्रशासकीय अधिकृत